# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
## नियमन तथा व्यवस्थापन विभाग

परिपत्र नं.: धितोपत्र बजार/०३/२०७७/०७८ मिति: २०७७।११।४

चलानी नं. ११२६

श्री नेपाल स्टक एक्स्चेन्ज लिमिटेड

युएनआई, शान्तीमार्ग, भद्रकाली, काठमाडौं ।

**विषय: सूचीकृत संगठित संस्थाहरुको वित्तीय विवरण सार्वजनिक गर्ने सम्बन्धमा ।**

महाशय,

उपर्युक्त सम्वन्धमा धितोपत्र बजार सूचनामा आधारित रहने भएकोले धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ को नियम २७ को उपनियम (५) मा सूचीकृत कम्पनीबाट प्राप्त वित्तीय विवरणका साथै धितोपत्रको मूल्यमा असर पर्ने प्रकृतिका कुनै पनि सूचना, जानकारी तथा विवरण धितोपत्र बजारले तुरुन्त सार्वजनिक गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको तहाँ विदितै छ ।

तहाँबाट सूचीकृत कम्पनीबाट प्राप्त धितोपत्र बजार मूल्यमा असर पार्न सक्ने घटना वा जानकारीको सूचना आफ्नो वेभसाईटमा राख्ने गरेको पाइएको भएतापनि वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन तथा प्रमुख वित्तीय सूचाकांकहरु लगायतका सूचना जानकारी नेप्सेले आफ्नो वेभसाईटमा राख्ने गरेको नपाइएको अवस्था छ ।

धितोपत्रमा लगानी गर्नका लागि सूचना अति आवश्यक हुने भएकोले सूचीकृत कम्पनीले नेप्सेमा पेश गरेका वार्षिक प्रतिवेदन लगायतका विवरण, प्रतिवेदन, सूचना तथा जानकारी समेत नेप्सेको वेभसाईटमा अनिवार्य रुपमा राखी उक्त विवरणको अध्ययन विश्लेषण गरी आफ्नो लगानी सम्वन्धमा सुसुचित भै लगानी गर्ने वातावरण बनाई लगानीकर्ताको हित संरक्षण गर्नको लागि उपयुक्त आधार तयार हुन्छ । यसै सर्न्दभमा सूचीकृत कम्पनीबाट प्राप्त वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन सहित उक्त प्रतिवेदनमा उल्लेख भएका प्रमुख वित्तीय सूचकांकहरु लगानीकर्ताले समेतले हेर्न सक्ने गरी आफ्नो वेभसाईटमा राख्ने व्यवस्था मिलाई सोको जानकारी बोर्डलाई गराउने सम्बन्धमा देहाय बमोजिमको निर्देशन जारी गर्ने निर्णयानुसार जानकारीको लागि अनुरोध गर्दछु ।

१. धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिमका वार्षिक प्रतिवेदन,त्रैमासिक प्रतिवेदन सहितका विवरणहरु समयमै प्राप्त गरी कम्तीमा पाँच वर्षसम्म उक्त प्रतिवेदन आफ्नो वेभसाईटमा राख्नुपर्ने ।

२. सूचीकृत कम्पनीहरुको कम्तीमा पछिल्लो पाँच वर्षको प्रमुख वित्तीय परिसुचकहरु (जस्तै संस्थाको पूँजी, वार्षिक आम्दानी, खर्च, जगेडा कोष, प्रति शेयर आम्दानी, मूल्य आम्दानी अनुपात, प्रति शेयर नेटवर्थ र लाभांस लगायत महत्वपूर्ण विवरणहरु) को चार्ट सहितको प्रोफाईल तयार गरी आफ्नो वेभसाईटमा राख्ने व्यवस्था गर्नुपर्नेछ ।

३. सूचीकृत कम्पनीले पेश गरेको विवरणमा कुनै परिवर्तन भएको जानकारी प्राप्त भएमा सो समेत आफ्नो वेभसाईटमा राख्ने व्यवस्था मिलाउने ।

४. यस निर्देशनमा उल्लेख भए अनुरुप कार्य भए नभएको यकिन गर्ने जिम्मेवारी नेपाल स्टक एक्स्चेन्ज लिमिटेडका प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव वा अनुपालना अधिकृतको हुनेछ ।

द्रष्टव्य: उपर्युक्त व्यवस्थाहरुको परिपालनाको स्थिति बोर्डबाट २०७७ साल फाल्गुण मसान्तदेखि अनुगमन गरिनेछ । यी निर्देशनहरुको पालना भएको नपाईएमा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ बमोजिम कारवाही तथा दण्ड जरिवाना हुनेछ ।

(निरज गिरी)

कार्यकारी निर्देशक

बोधार्थ:

१. श्री नेपाल धितोपत्र बोर्ड, अध्यक्षको कार्यालय

२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरवार

३. श्री नेपाल धितोपत्र वोर्ड, सुपरीवेक्षण तथा अध्ययन अनुसन्धान विभाग